

# अध्याय -८

## पवित्रस्थानबाट दिब्य ज्ञानको ज्योति

<u>यस अध्यायका मूल पदहरू:</u> प्रस्थान २५:८,९; हिब्रू ८:१-६; लेबी १६:२१, २९-३४; लेबी २३:२६-३२; हिब्रू ९:२३-२८; दानिएल ७:९,१०; मत्ती २५:१-१३; प्रकाश ११:१९।

***यस अध्यायको मुल सार पद:*** **"अब हामीले भन्न चाहेको कुराचाहिँ यही होः हाम्रा यस्ता प्रधान पूजारी हुनुहुन्छ, जो स्वर्गमा महान् परमेश्‍वरका सिंहासनको दाहिनेपट्टि विराजमान हुनुहुन्छ। मानिसले होइन, तर परमप्रभुले खड़ा गर्नुभएको पवित्रस्थान, साँचो पवित्र वासस्थानमा उहाँ सेवक हुनुहुन्छ।" हिब्रू ८:१-२।**

अक्टोबर २२, १८४४मा विलियम मिलरका हजारौं येशूभक्तहरू येशूको आगमनको प्रतिक्षामा थिए। त्यो दिनमा येशूको दोस्रो आगमन नहूँदा धेरै मानिसहरू अत्यन्तै निराश भएका थिए। विलियम मिलरको केही अनुयायीहरू रोइ, कराइ प्रार्थना गर्दै बाइबल अध्ययन गर्दा तिनीहरू केमा गलत भएका थिए भनेर बुझ्न थाले। २३००को भविष्यवाणी येशूको यस संसारमा दोस्रो आगमनको बारेमा थिएन। धेरैले यस पृथ्वीमा त्यही दिन येशूको आगमन हुनेछ भनेर बुझेका थिए। तर, स्वर्गमा रहेको पवित्रस्थानमा उहाँको काम त्यस मितिमा सुरु गर्न जानु भएको थियो। यो तथ्यलाई हिब्रूको पुस्तकले अत्यन्तै सशक्त तरिकाले प्रस्तुत गरेको छ।

स्वर्गमा रहेको पवित्रस्थानको शुद्धिकरण पृथ्वीमा रहेको पवित्रस्थानको शुद्धिकरण पूरा भएको थियो। यो महत्त्वपूर्ण सत्यलाई राम्रोसँग बुझ्न दानिएल ७ र ८ को समानान्तर अध्यायलाई हेर्नु अनिवार्य छः

| दानिएल ७ | दानिएल ८ |
|---|---|
| बेबिलोन | ------ |
| मिडपर्सिया | मिडपर्सिया |
| ग्रिस | ग्रिस |
| रोम | रोम |
| स्वर्गमा हुने न्याय | पवित्रस्थानको शुद्धिकरण |

यी समानान्तर ज्ञानले शुद्धिकरण प्रक्रियाको स्वभावको चित्रण गरिएको बुझिन्छ। येशू ख्रीष्टको महान् आगमनभन्दा पहिला हुने छानबिनको न्याय अर्थात् कसले मुक्ति पाउँछ र कसले मुक्ति पाउँदैन भन्ने छानबिन हुने प्रक्रियालाई देखाउँदछ। स्वर्गमा रहेको पवित्रस्थानमा हुने येशू ख्रीष्टको कार्यलाई बुझाउने महत्त्वपूर्ण बाइबलको सत्यलाई यस अध्यायमा हामीले खोतल्दै अध्ययन गर्नेछौं।

***यो अध्याय द ग्रेट कन्त्रोभर्सी २४ र २८ अध्यायको आधारमा छ।***

## १. स्वर्गमा रहेको पवित्रस्थान

**देहायका पदहरूमा दुई पवित्रस्थानका रूपरेखाहरू दिएकाछन्। हेर्नुहोस्, "८ "म तिनीहरूका मध्यमा बस्नलाई तिनीहरूले मेरो लागि एउटा पवित्रस्थान बनाऊन्। ९ मैले तिमीलाई देखाउने नमूनाबमोजिम पवित्र वासस्थान र त्यसका सबै सामानहरू तिमीले बनाउनू।...४० पर्वतमा तिमीलाई देखाएको नमूनाबमोजिम तिमीले होश गरी ती बनाउनू।"प्रस्थान २५:८,९,४०।**

सन् १८४४ पछि सुरुका एडभेन्टिस्ट विश्वासीहरूले महिनौंसम्म बाइबलमा खोजनीति गरेर अध्ययन गर्दा दुई पवित्रस्थान बाइबलमा भएको तिनीहरूले भेट्टाए। एउटा मोशाले निर्माण गरेका र अर्को पवित्रस्थान स्वर्गमा भएको महान् मूल वा सक्कली वा मानव निर्मित होइन। बाइबलमा पवित्रस्थान भनेर उल्लेख गर्दा पहिलो त मोशाले बृहत पालभित्र निर्माण गरेको पवित्रमन्दिर। यो स्वर्गमा रहेको पवित्रस्थानको नमूना अनुसार निर्माण गरिएको थियो। दोस्रो सक्कल वा सत्य पवित्रस्थान जुन स्वर्गमा छ र पृथ्वीको पवित्रस्थानले त्यस सक्कली पवित्रस्थानलाई औंल्याइएको थियो। जब येशू क्रूसमा मर्नुभयो तब पृथ्वीको पवित्रस्थानमा हुने आराधना र बलिका विधिहरू समाप्त भएको थियो। "स्वर्गमा भएको पवित्रस्थान" सही, सकली वा

वास्तविक हो। यो नयाँ करारको पवित्रस्थान हो। दानिएल ८:१४मा उल्लेख गरिएको भविष्यवाणी त्यस पवित्रस्थानमा पूरा भएकोले त्यो पवित्रस्थान नयाँ करारको हुनै पर्छ।

"शताब्दीयौंसम्म पृथ्वीमा पवित्रस्थान नभएको सन्दर्भमा २३०० दिन वा वर्ष पछिको वा सन १८४४को उल्लेख गरिएको पवित्रस्थान पृथ्वीको होइन भनेर ठोकुवा गर्न सकिन्छ। '२३०० दिनहरूपछि पवित्रस्थान सफा वा शुद्धिकरण गरिनेछ भन्नुको अर्थ स्वर्गमा रहेको पवित्रस्थानलाई औंल्याइएको थियो भनेर जिकिर गर्न सकिन्छ।"-*द ग्रेट कन्त्रोभर्सी*, पृ. ४१७।

उजाडस्थानमा मोशाले खडा गरेका पवित्रस्थान स्थान स्वर्गकै पवित्रस्थाको नमूना र नाप अनुसार निर्माण गरिएको थियो। पृथ्वीमा रहेको पवित्रस्थानमा गरिने सबै विधिहरूले परमेश्वरको मुक्तिको योजनाको भविष्यवाणीलाई चित्रण गरिएको थियो। त्यहाँ गरिने प्रत्येक बलिको विधिले कलभरी क्रूसमा येशूले गर्नुहुने बलिको प्रतिनिधित्व गरेको थियो (यूहन्ना १:२९)। येशूको बलिले नै हामी पापको दोषबाट मुक्त भएको छौं। परमेश्वरको क्षमादान हाम्रो हुन जान्छ। जब हामीले हाम्रा पापहरू स्वीकाछौं र हाम्रो सट्टा येशू बलि हुनुभएको स्वीकाछौं हामीमाथि थोपरिएका पापका भारहरू स्वत गायब हुन्छ (१ यूहन्ना १:९)। हाम्रो निम्ति मर्नुहुने येशू केवल थुमा मात्र होइन, उहाँ हाम्रो निम्ति जिइरहने पुजारी पनि हुनुहुन्छ।

हिब्रू ७:२५ मा पावलले यसरी व्याख्या गर्छन्: "फलस्वरूप उहाँद्वारा परमेश्वरको नजिक आउनेहरूलाई उहाँले सदैव उद्धार गर्न सक्नुहुन्छ। किनभने तिनीहरूका निम्ति मध्यस्थताको प्रार्थना चढ़ाउन उहाँ सदैव जीवित रहनुहुन्छ।"

प्रभु येशूले हाम्रो पापको दोष मात्र हटाउनुहुन्न, उहाँले पापको शक्तिबाट पनि उद्धार गर्नुहुन्छ अर्थात् पाप नगर्न हामीलाई शक्तिसम्पन्न बनाउनुहुन्छ (रोमी ८:१-४; २ कोरन्थी ५:२१)। स्वर्गको पवित्रस्थानमा येशूले सेवा गरिरहनुभएको हाम्रो निम्ति हो। हाम्रो जीवनमा पापको पकड चुँडाइएको छ। हाम्रा पाप स्वभाव वा मिजासहरूका बन्धनमा वा दासत्वमा हामी छैनौं। हामी पापमय स्वभावबाट मुक्त भएका छौं। ख्रीष्टमा हामी स्वतन्त्र छौं। पापको दोष र पापको नियन्त्रणबाट हामी मुक्त छौं। जब हामी येशूलाई विश्वासद्वारा पक्रिरहन्छौं वा उहाँमा बुनिरहन्छौं तब हामीलाई मुक्ति सुनिश्चित हुन्छ ।

*येशू स्वर्गमा तपाईंको निम्ति सेवाकार्य गरिरहनुभएको छ वा तपाईंको लागि मध्यस्थ वा पहल गरिरहनुभएको छ भन्ने आत्मज्ञान तपाईंको निम्ति के हो? तपाईंको निम्ति पहल गर्ने व्यक्तिको किन आवश्यकता छ? यो सत्य किन असल समाचार हो?*

## २. पवित्र स्थानको पवित्र कोठाबाट महापवित्र कोठामा

पौराणिक इस्राएलमा प्रायश्चितको दिन किन गम्भीर र महत्त्वपूर्ण भएको मान्दछ? हेर्नुहोस्, "२० "जब हारूनले महा-पवित्रस्थान, भेट हुने पाल र वेदीको निम्ति प्रायश्चित गरिसकेको छ, तब त्यसले जिउँदो बोकाचाहिँ ल्याओस्। २१ अनि हारूनले आफ्ना दुवै हात जिउँदो बोकाको टाउकोमा राखोस्, र इस्राएलीहरूका सारा अधर्म, अपराध र पाप स्वीकार गरेर बोकाको टाउकोमाथि राखिदिओस्। त्यसले ती पापहरू बोकाको टाउकोमा राखेर त्यसलाई अघिबाट खटाइराखेको मानिसको साथ उजाड़-स्थानमा पठाइदिओस्। २२ यसरी त्यस बोकाले तिनीहरूका सारा अधर्म एकलास ठाउँमा बोकेर लैजाओस्, र त्यस मानिसले त्यस बोकालाई उजाड़-स्थानमा छोड़िदिओस्।

२३ त्यसपछि हारून भेट हुने पालमा गएर महा-पवित्रस्थानमा जाँदा त्यसले लाएका सूती लुगाहरू फुकालेर त्यहीं छोड़ोस्। २४ त्यसले आफ्नो शरीर कहीं चोखो ठाउँमा पानीमा नुहाओस्, र आफ्ना निज लुगाहरू लाएर आओस्। अनि आफ्नै लागि र मानिसहरूका लागि होमबलि चढ़ाईकन प्रायश्चित गरोस्। २५ पापबलिको बोसो पनि त्यसले वेदीमा जलाओस्। २६ "छाड़ा हुने बोकालाई छोड्न जानेले आफ्ना लुगा धोएर आफ्नो शरीर नुहाओस्, र त्यसपछि त्यो छाउनीमा आओस्। २७ रगतद्वारा प्रायश्चित गर्नलाई महापवित्रस्थानमा ल्याइएका पापबलिका साँढ़े र बोका दुवैलाई छाउनीदेखि बाहिर लगेर तिनीहरूका छाला, मासु र गोबर आगोमा जलाइदिनू। २८ ती जलाउनेले आफ्नो लुगा धोएर आफ्नो शरीर नुहाओस्, र त्यसपछि त्यो छाउनीमा आओस्। २९ "तिमीहरूका निम्ति यो अनन्तको विधि होस्। सातौं महिनाको दशौं दिनमा तिमीहरूले आफू-आफूलाई इन्कार गर्नू। चाहे घरमा जन्मेको होस्, चाहे तिमीहरूका बीचमा वास गर्ने परदेशी होस्, कसैले पनि कुनै किसिमको काम नगर्नू, ३० किनभने त्यसै दिन तिमीहरूलाई शुद्ध पार्नलाई तिमीहरूका निम्ति प्रायश्चित गरिन्छ। तब परमप्रभुको सामुन्ने सबै पापबाट तिमीहरू शुद्ध हुनेछौ। ३१ यो तिमीहरूका निम्ति विश्रामको शबाथ हो। तिमीहरूले आफू-आफूलाई

इन्कार गर्नू। यो सदाको लागि एउटा आदेश हो। ३२ अभिषेक भएको र बाबुचाहिँको सट्टामा प्रधान पूजाहारी हुनलाई जो नियुक्त भएको छ, त्यसैले प्रायश्चित गरोस्, र त्यसले पवित्र सूती लुगाहरू लगाओस्। ३३ त्यसले महा-पवित्रस्थान, भेट हुने पाल र वेदीको निम्ति प्रायश्चित गरोस्। अनि त्यसले पूजाहारीहरू र समुदायका सबै मानिसहरूका निम्ति पनि प्रायश्चित गरोस्। यो तिनीहरूका निम्ति अनन्तको विधि होस्ः वर्षको एक पल्ट इस्राएलीहरूका सारा पापका निम्ति प्रायश्चित गरिओस्।" अनि परमप्रभुले मोशालाई आज्ञा दिनुभएझैं त्यसरी नै गरियो। " लेबी १६:२०-३४; "२६ परमप्रभुले मोशालाई भन्नुभयो, २७ "सातौं महिनाको दशौं दिनचाहिँ प्रायश्चितको दिन होस्। त्यस दिन तिमीहरूले पवित्र सभा राख्नू। तिमीहरूले आफैलाई इन्कार गर्नू,* र तिमीहरूले परमप्रभुको निम्ति अग्नि-होम चढ़ाउनू। २८ त्यस दिन तिमीहरूले कुनै किसिमको काम नगर्नू, किनभने परमप्रभुको सामुन्ने तिमीहरूका निम्ति प्रायश्चित गरिने यो प्रायश्चितको दिन हो। २९ त्यस दिन जसले आफूलाई इन्कार गर्दैन, त्यो आफ्ना मानिसहरूबाट बहिष्कार गरिओस्। ३० त्यस दिन कुनै किसिमको काम गर्ने मान्छेलाई त्यसका मानिसहरूमध्येबाट म नाश गर्नेछु। ३१ तिमीहरूले कुनै किसिमको काम नगर्नू। तिमीहरूले जहीं बसोबास गरे तापनि तिमीहरूका पुस्तौं-पुस्तौंका निम्ति यो अनन्तको विधि होस्। ३२ तिमीहरूका निम्ति यो विशेष विश्रामको शबाथ होस्, र तिमीहरूले आफू-आफूलाई इन्कार गर्नू। त्यस महिनाको नवौं दिनको साँझदेखि भोलिपल्ट साँझसम्म तिमीहरूले आफ्नो शबाथ पालन गर्नू।" लेबी २३:२६-३२ र "२३ यदि स्वर्गीय कुराहरूका नमूनालाई शुद्ध पार्न यी विधिहरू चाहिए भने स्वर्गकै कुराहरूलाई शुद्ध पार्नु त अझ उत्तम बलिको आवश्यकता पऱ्यो। २४ ख्रीष्ट हातले बनाएको पवित्रस्थानभित्र प्रवेश गर्नुभएन, जोचाहिँ साँचो पवित्रस्थानको नकल मात्र हो, तर उहाँ स्वर्गभित्रै प्रवेश गर्नुभयो, र उहाँ हाम्रो पक्षमा परमेश्वरको सामु उपस्थित हुनुभएको छ। २५ येशू आफैलाई बारम्बार बलि चढ़ाउन स्वयम् पस्नुभएको होइन, जसरी प्रधान पूजाहारी सालिन्दा आफ्नै रगत होइन, तर अर्काको रगत लिएर महापवित्र स्थानभित्र प्रवेश गर्ने गर्दछन्। २६ नत्रता संसारको उत्पत्तिदेखि नै उहाँले बारम्बार दुःख भोग्नुपर्नेथियो। तर यस युगको अन्त्यमा आफ्नै बलिद्वारा पाप हटाउनलाई उहाँ सधैंको निम्ति एकै पल्ट प्रकट हुनुभएको छ। २७ जसरी मानिसको निम्ति एक पटक मर्नु निश्चित छ, र त्यसपछि इन्साफ, २८ त्यसरी ख्रीष्ट पनि धेरै जनाका पाप बोक्नलाई एकै पल्ट बलि हुनुभयो, र

**उहाँ दोस्रो पल्ट देखा पर्नुहुनेछ, पाप बोक्नका निम्ति होइन, तर उत्सुकतापूर्वक उहाँको प्रतीक्षा गर्नेहरूका उद्धारको निम्ति।" हिब्रू ९:२३-२८।**

पुजारीहरूले पवित्रस्थानमा दिनदिनै विधिपूर्वक सेवा गर्दथे। तर, वर्षको एक दिन वा प्रायश्चितको दिन वा क्षमापूजाको दिन जसलाई हिब्रू भाषामा योम किपुर भनिन्छ सारा यहूदीहरूका नजर पवित्रस्थानमा राखेका हुन्थे। लेबी १६ र २३मा प्रायश्चितको दिनमा स्पष्ट निर्देशनहरू इस्राएलीहरूले पालन गर्नुपर्थ्यो। त्यस दिन सबै क्रियाकलापहरू रोक्दथे। प्रत्येक यहूदी उपवास बस्थ्यो। जब महापूजारी इस्राएलीहरूको निम्ति महापवित्रस्थानमा गएर परमेश्वरको सम्मुख उभिन्थे तब मानिसहरू आफ्ना हृदयहरू छाम्दथे। तिनीहरू नम्र भएर परमेश्वरको खोजी गर्दथे र पापहरू हृदयदेखि स्वीकार्दथे।

कोही मानिस प्रायश्चितको दिनमा दुःख मनाउ गर्दैन तिनीहरूलाई बहिष्कार गर्दथ्यो अर्थात् तिनीहरू परमेश्वरका चुनिएका वर्गबाट बाहिरिन्थ्यो (लेबी २३:२७,२९)। प्रायश्चितको दिनमा महापूजारीले प्रभुको बोकाको रगत महापवित्रस्थानमा लग्दथे तब उनले त्यस रगतलाई दयाको ढकनमा छर्कन्थे, सुनको बेदीका टुप्पोहरूमा छर्किन्थे, ढलौतको बेदीमा छर्किन्थे। त्यसको अर्थ पूरै पवित्रस्थान शुद्ध गरिएको भनेर मान्थे। त्यस विधिद्वारा महापूजारीले परमेश्वर र मानिसको बीचमा मिलाप भएको मानिन्थ्यो। जब त्यो विधि सकिन्थ्यो तब महापूजारीले आफ्ना हातहरू जिउँदो बोकाको शिरमा राख्दथे र इस्राएलीहरूको पापको स्वीकार गरिन्थे। अनि त्यस बोकालाई बाहिर लगेर सदाको निम्ति शिबिरबाट बाहिर छोडिन्थ्यो। यो बोका सदाको निम्ति अर्थात् नमरुञ्जेल उजादस्थानमा उसलाई छाडा छोडिन्थ्यो (लेबी १६:२०-२२)।

जब दिन दिनै रगत पवित्रस्थानको पर्दामा छर्किन्थ्यो तब पापको लेखा त्यहाँ सारिएको मानिन्थ्यो (यर्मिया १७:१)। यसले पापको भार परमेश्वरले बोक्नुभएको देखाएको थियो। अब प्रायश्चितको दिनमा पवित्रस्थानको रगत सारिएर अजजिएल वा बलिको बोकाको शिरमा सारिन्थ्यो। पापको समस्याको आखिरी जिम्मेवारी सैतानमाथि नै छ भनेर त्यसले देखाएको थियो।

यस बोकालाई उजाड स्थान वा जङ्गलको पारी लगेर छोडिन्थ्यो। प्रायश्चितको दिनको समाप्तमा परमेश्वरले पवित्रस्थान र मानिसहरूलाई शुद्ध गर्नुहुन्थ्यो। स्वर्गमा रहेको पवित्रस्थानमा येशूले हाम्रो निम्ति सेवाकार्य गरिरहनुभएकोछ। सन १८४४ अघि उहाँ पवित्र कोठामा हुनुहुन्थ्यो अब महा

पवित्र कोठामा हुनुहुन्छ। २३०० दिन वा वर्षको अन्तमा उहाँ त्यहाँ पस्नुभएको थियो।

येशू हाम्रो सट्टामा बलि हुनुभएको र उहाँलाई हामीले स्वीकारेको हुनाले हामी न्यायबाट पार हुनेछौं। एलेन जी. ह्वाइटले भन्नुभएको छ, "हामी उहाँको धार्मिकताले निर्दोष ठहऱ्याइका छौं, जसमा उहाँको केही भाग थिएन।"-द डिजाएर अभ एजेज, पृ. २५। त्यसको फलस्वरूप उहाँको धार्मिकता हामीलाई ओढाइ दिएको हुन्छ। येशूको त्यो कार्यले हाम्रो हृदयमा पीडा हुन्छ र हामी पापबाट फर्किन्छौं। त्यसको अर्थ पापलाई हामी स्वःत स्वीकारेका हुँदैनौं, न त मन पर्ने पापलाई सजाइ राख्ने हामीले कुनै बहाना नै राख्छौं। बरु, हामी येशूको अनुग्रहले पवित्र जीवन लिएर जीवित हुनेछौं।

***प्रायश्चित वा क्षमा पूजाको दिनको महत्त्व आज हामीलाई के छ? हामी कसरी जीउने त्यसमा त्यसले कसरी प्रभाव पार्नु पर्दछ?***

## ३. न्याय आइसकेको छ

**दानिएल ७:९,१०सँग प्रकाश १४:६,७ पढ्नुहोस्। ती अंशहरूमा के समानता छ? हेर्नुहोस्, "९ जसै मैले हेरें, सिंहासनहरू बसालिए, र अति प्राचीन आफ्नो सिंहासनमा बस्नुभयो। उहाँका लुगा हिउँजस्तै सेता थिए, उहाँको शिरको केश ऊनजस्तै सेतो थियो। उहाँको सिंहासनमा बलिरहेको आगोको ज्वाला थियो, र त्यसका चक्काहरूमा दन्केको आगो थियो। १० उहाँको सामुबाट आइरहेको आगोको एउटा नदी बगिरहेको थियो। हजारौं हजारले उहाँको सेवा गर्थे; दश हजार गुणा दश हजार उहाँको सामु उभिएका थिए। न्यायको निम्ति अदालतको बैठक बसेको थियो, र पुस्तकहरू खोलिए।" दानिएल ७:९-१० र "६ अनि अर्को स्वर्गदूतलाई मध्य आकाशमा उड़िरहेका मैले देखें। पृथ्वीमा रहने हरेक जाति, कुल, भाषा र मानिसलाई घोषणा गर्ने अनन्त सुसमाचार तिनीसँग थियो। ७ तिनले चर्को सोरमा भने, "परमेश्वरसँग डराओ, र उहाँलाई महिमा देओ। किनकि उहाँका इन्साफको घड़ी आएको छ। स्वर्ग, पृथ्वी, समुद्र र पानीका मूलहरू बनाउनुहुनेलाई दण्डवत् गर।"प्रकाश १४:६-७।**

न्यायको मामिला बाइबलभरी उल्लेखनीय रूपमा प्रस्तुत गरिएको छ। उपदेशक १२:१४ मा यो लेखिएको छ, "किनकि हामीले गरेको हरेक काम, असल होस् वा खराब होस्, प्रत्येक गुप्त कुरासमेत सबैको न्याय परमेश्वरले गर्नुहुनेछ।" भविष्यमा हुने न्यायको बारेमा येशूले आफ्ना स्रोताहरूलाई

औँल्याउनुभएको थियो, "३६ म तिमीहरूलाई भन्दछु, हरेक व्यर्थको कुरा जो मानिसहरू बोल्दछन्, न्यायको दिनमा तिनीहरूले त्यसको लेखा दिनुपर्नेछ।' ३७ किनकि तिम्रा वचनहरूले तिमी निर्दोष ठहरिनेछौ, र तिम्रा वचनहरूले तिमी दोषी ठहरिनेछौ।"मत्ती १२:३६-३७। पावलले यो थप्दछन्, "तोकिएको समयभन्दा अघि न्याय नगर, प्रभु आउञ्जेल पर्ख। उहाँले अँध्यारोमा लुकेका कुराहरूलाई प्रकाशमा ल्याउनुहुनेछ, र मानिसका हृदयका अभिप्रायहरू प्रकट गरिदिनुहुनेछ। तब हरेक मानिसले परमेश्‍वरबाट आफ्नो प्रशंसा पाउनेछ।" १ कोरन्थी ४:५। यूहन्नालाई स्वर्गदूतले भनेका थिए, "उहाँ अर्थात् परमेश्वरको न्यायको घडी आएको छ।" प्रकाश १४:७।

**प्रकाश २२:१०-१२ पढ्नुहोस्। जब येशू आउनुहुनेछ तब सारा मानव प्राणीको भविष्य कसरी निर्धारण हुनेछ? हेर्नुहोस्: "१० तब तिनले मलाई यसो भने, "यस पुस्तकको अगमवाणीका वचनमा मोहोर नलगाऊ, किनकि समय नजिकै छ। ११ दुष्ट काम गर्नेले दुष्ट काम गरिरहोस्, अश्लील काम गर्नेले अश्लील काम गरिरहोस्, धर्मात्माले धार्मिक कार्य गरिरहोस्, र पवित्र जनचाहिँ पवित्र नै भइरहोस्।" १२ "हेर, म चाँड़ै आउँदैछु। हरेक मानिसलाई उसले गरेअनुसार दिने प्रतिफल मसँग छ।" प्रकाश २२:१०-१२।**

येशूले उहाँको अन्तिम इनाम दिन आउनुहुने भएकोले उहाँ आउनुभन्दा अघि नै न्याय भइसकेको हुनुपर्दछ। त्यसबेला कसले इनाम पाउनेछ भनेर उहाँले देखाउनुहुनेछ। जब येशू फर्किनुहुन्छ तब मानिसलाई दोस्रो अवसर दिएको हुँदैन। प्रत्येक मानव प्राणीले आफ्नो भावी लक्ष्य निर्धारण गरिसकेको हुन्छ। प्रत्येकलाई पर्याप्त जानकारी पाइसकेको हुन्छ कि उसले येशूको पक्षमा कि विपक्षमा रहने निर्णय गर्ने अवसर।

**मत्ती २५:१-१३ पढ्नुहोस्। दुई भिन्ना भिन्नै इसाई वा येशूभक्त भनेर दावी गर्नेहरूको लेखाजोखा येशूले कसरी गर्नुहुनेछ भनेर येशूले किन भन्नुभयो? हेर्नुहोस्, "१ "तब स्वर्गको राज्य दश कन्याहरूसँग तुलना गर्न सकिन्छ। तिनीहरूले आ-आफ्नो बत्ती लिएर दुलहालाई भेट्न निस्के। २ तीमध्ये पाँच जना निर्बुद्धि र पाँच जनाचाहिँ बुद्धिमती थिए। ३ किनकि जब निर्बुद्धिहरूले आफ्ना बत्ती लगे, तब तिनीहरूले साथमा तेलचाहिँ लगेनन्। ४ तर बुद्धिमतीहरूले चाहिँ आफ्ना बत्तीसँगसँगै पात्रमा तेल पनि लगे। ५ दुलहाले बियाँलो गर्दा ती सबै निद्राले लट्ठ भए र निदाए। ६ "तर मध्यरातमा 'हेर दुलहा,**

उनलाई भेट्न आओ,' भन्ने आवाज आयो। ७ "तब ती सबै कन्याहरू ब्यूँझे, र आफ्नो-आफ्नो बत्ती ठीकठाक पारे। ८ निर्बुद्धि कन्याहरूले बुद्धिमतीहरूलाई भने, 'तिमीहरूको तेलबाट हामीलाई अलिकता देओ, किनभने हाम्रा बत्ती त निभ्न लागे।' ९ "तर बुद्धिमतीहरूले यसो भनेर जवाफ दिए, 'हामी र तिमीहरू दुवैलाई पुग्ने यथेष्ट तेल छैन होला, बरु पसलेकहाँ जाओ र आफ्नो लागि किन।' १० "तिनीहरू किन्न जाँदा दुलहा आइपुगे, र तयार हुनेहरू उनीसँग विवाहको भोजमा भित्र पसे, र ढोका बन्द भयो। ११ "पछिबाट ती अरू कन्याहरू आइपुगे र यसो भन्न लागे, 'प्रभु, प्रभु, हाम्रा लागि खोलिदिनुहोस्!' १२ "तर उनले जवाफ दिएर भने, 'साँच्चै, म तिमीहरूलाई भन्दछु, म तिमीहरूलाई चिन्दिनँ।' १३ "यसकारण जागा रहो, किनकि त्यो दिन र त्यो घड़ी तिमीहरूलाई थाहा छैन।"२५:१-१३।

"जब छानबिनको न्याय समाप्त हुन्छ तब इसाई हुँ भनेर दावी गर्नेहरूको भविष्य निर्धारण गरिसकेको हुन्छ। तिनीहरूको एक एक मामिला जाँच गरिसकेको हुन्छ र तिनीहरूको भावी निर्णय भइसकेको हुन्छ। येशू नआउञ्जेल प्रत्येकले आफ्नो भविष्य आफैले गर्ने निर्णय पाएको हुन्छ, जब उहाँ आउनुहुन्छ तब त्यो निर्णय गर्ने समय बन्द भएको हुन्छ र दयाको ढोका बन्द गरिसकेको हुन्छ। यसरी एउटा छोटो वाक्यले पुष्टि गर्दछ, 'जो तयार थिए तिनीहरू विवाहमा गएः अनि ढोका बन्द भयो।' येशूका सेवाकार्य समाप्त नहुञ्जेल हामीलाई अवसर दिइरहेको हुन्छ अन मानिसको मुक्तिको महान् कार्य सम्पन्न हुनेछ।" - *द ग्रेट कन्त्रोभर्सी,* पृ. ४२८।

***येशू प्रति आशक्त हुनेहरूले न्यायको बारेमा डराउनु पर्दैन। येशू ख्रीष्टद्वारा पापको क्षमा हाम्रो हो। दोषी मनस्थितिबाट स्वतन्त्र हुने हाम्रो हो। ईश्वरीय जीवन बिताउने शक्ति हाम्रोफ हो, र अन्तिम विजय हाम्रो हो।***

## ४. महापवित्रस्थानको सुसमाचार

देहायका पदहरू पढ्नुहोस्। तिनीहरूमा हामी प्रत्येकलाई परमेश्वरले निम्तो दिनुभएकोमा के सुनिश्चित हुन सक्छौं? हेर्नुहोस्, " १४ आकाश छिचोलेर जानुभएका परमेश्वरका पुत्र येशू हाम्रा महान् प्रधान पूजाहारी हुनुभएको हुनाले हामीले पक्कासँग स्वीकार गरेको यो विश्वास थामिराखौं। १५ किनकि हाम्रा प्रधान पूजाहारी हाम्रो दुर्बलतामा हामीसँग सहानुभूति देखाउन नसक्ने हुनुहुन्न। तर हामीजस्तै उहाँ सबै कुरामा परीक्षित हुनुभयो, र पनि पापरहित हुनुहुन्थ्यो। १६ यसकारण साहससँग अनुग्रहको सिंहासन नजिक जाऔं, र खाँचोको समयमा

**सहायता पाउनलाई कृपा र अनुग्रह प्राप्त गर्न सकौं।" हिब्रू ४:१४-१६ र "१९ यसकारण भाइ हो, येशूको रगतद्वारा महापवित्र स्थानमा प्रवेश गर्ने साहस हामीलाई हुन्छ। २० हाम्रा निम्ति एउटा नयाँ र जीवित मार्ग उहाँले खोलिदिनुभयो, जसको कारण पर्दाद्वारा, अर्थात् उहाँको शरीरद्वारा भएर हामी भित्र पस्न सक्छौं। २१ परमेश्वरको घरानामा हाम्रा एक जना महान् पूजाहारी हुनुभएको हुनाले, २२ हाम्रा हृदय खराब विवेकबाट छर्कोद्वारा चोख्याइएर र शुद्ध पानीले हाम्रो शरीरलाई धोएर साँचो हृदयले विश्वासको सम्पूर्ण भरोसामा हामी परमेश्वरको समीप जाऔं। २३ हामीले दृढ़ स्वीकार गरेको आशालाई दोधार नभईकन दह्रिलोसँग थामिराखौं, किनकि जसले प्रतिज्ञा गर्नुभयो, उहाँ विश्वासयोग्य हुनुहुन्छ।" हिब्रू १०:१९-२३।**

"पक्रेर राख", "सुरो भएर आऊ", "कहिल्यै नत्याग" जस्ता आभासहरू पावलले आह्वान गर्दछन्। हाम्रो विश्वास तथा निष्ठा येशूमा नै केन्द्रित गर्न उनले सल्लाह दिन्छन्। येशू नै हाम्रो महान् प्रधान पूजारी हुनुहुन्छ। हामीलाई चाहिएका सबै थोकहरू येशूमा छन्। विश्वासद्वारा हामी स्वर्गको पवित्रस्थानमा पस्न सक्छौं। येशूले हाम्रो निम्ति खोल्नुभएको ढोकाभित्र हामी नयाँ र जीवित अनुहार लिएर पस्न सक्छौं।

महापवित्र स्थानको ढलौतको बेदीका टुप्पाहरूमा रगत छर्किरहेको हामी देख्छौं। पवित्रस्थानमा भएको सुनौलो धुपौरोको बेदीका टुप्पाहरूमा रगत हामी देख्न सक्छौं। पर्दामा रगत छरिएको पनि हामी देख्नसक्छौं। त्यस पर्दा पछाडी परमेश्वरको सन्दुक छ।

प्रत्येक कदममा येशूको रगतले तयार गरिएको हुन्छ। यसले हामीलाई आशा दिन्छ। येशूले हामीलाई क्षमा दिनुभयो र उहाँले हाम्रा पापहरू मेटाउनुभयो भने हामीलाई परमेश्वरसँग एक हुन सक्छौं। परमेश्वरको दया असिमित छ जसरी उहाँको न्याय पनि असिमित छ। न्यायले येशूको पश्चात्तापको बलिलाई स्वीकार्दैन यदि उहाँले पहिला हाम्रो पापहरू क्षमा दिनुहुन्न र मेट्नुहुन्न। उहाँको बलि र हाम्रो स्वीकार नै हाम्रो निम्ति जमानत हो।

**परमेश्वर र सैतानको बिचमा भइरहेको भिषण द्वन्द्वको परिवेशमा यूहन्नाले प्रकाश ११:१९मा उल्लेख गरिएका दिव्यदर्शनको अर्थ के हो? परमेश्वरका दश आज्ञाहरू र सुसमाचार अलग गर्न नसकिने अवधारणा किन हो? हेर्नुहोस्, " स्वर्गमा परमेश्वरको मन्दिर खोलियो, र उहाँको मन्दिरभित्र उहाँका**

**करारको सन्दूक देखियो। बिजुलीका चमक देखिए। आवाज र मेघ गर्जनहरू सुनिए। भूकम्प गए र ठूला-ठूला असिना परे।" प्रकाश ११:१९।**

आँखा नै तिरमिराउने र परमेश्वरको उपस्थितिको सामु चम्किलो महिमा देखाइएको छ। सारा जगतब्रम्हाण्डको आधार उहाँको सिँहासनको कोठा हो। त्यहाँ हामीले करारको सन्दुक देख्छौं। यो महा पवित्रस्थान हो। परमेश्वरको न्याय र दया यहाँ प्रकट गरिएको छ। संसारको कुनै राजनैतिक, धार्मिक र सामाजिक शक्तिले परमेश्वरको व्यवस्थालाई बदल्न सक्दैन। अरू कारणहरूबाहेक यो स्वर्गमा रहेको करारको सन्दुकभित्र सजिएको छ। हिब्रू ८:१०मा लेखिएको छः "परमप्रभु भन्नुहुन्छ, ती दिनपछि म इस्राएलको घरानासँग यो करार बाँध्नेछु, तिनीहरूका मनमा मेरो व्यवस्था राखिदिनेछु, र तिनीहरूका हृदयमा त्यो लेखिदिनेछु, र म तिनीहरूका परमेश्वर हुनेछु, अनि तिनीहरू मेरा प्रजा हुनेछन्।" हिब्रू ८:१०। स्वर्गको पवित्रस्थानमा पस्न पाउँदा हाम्रा विगतका पाप र कमीकमजोरीहरू क्षमा पाएका हुन्छौं, ख्रीष्टको शक्ति र अनुग्रहद्वारा हामी आज्ञाकारी जीवन बिताउन सक्छौं। हाम्रो निम्ति मर्नुभएको ख्रीष्टले उहाँको व्यवस्था हाम्रो हृदयमा लेख्नुहुन्छ। हामी जतिसुकै खस्किएतापनि उहाँले हामीलाई उद्धार गर्नुहुन्छ (हिब्रू ७:२५)। पापको दण्डबाट येशूले हामीलाई पूरै उद्धार गर्नुहुन्छ र पापको शक्तिबाट पनि हामीलाई बचाउनुहुन्छ।

**स्वर्गको पवित्रस्थानमा हाम्रो निम्ति येशूले गरिरहनुभएको पहल अत्यन्तै अचम्मको सुसमाचार किन हो? परमेश्वरको व्यवस्थाले हामी कस्तो निर्दोष र धर्मी जीवन बिताउनुपर्छ भनेर सिकाउँछ। दश आज्ञाबिना र सुसमाचारबिना हाम्रो जिउनुको आशा के छ र?**

## ५. येशू, परमेश्वरको न्याय अदालतमा हाम्रो वकिल वा अधिवक्ता

**यस पृथ्वीमा पुजारीले गर्ने सेवाकार्य र स्वर्गको पवित्रस्थानमा येशूले गर्नुहुने सेवाकार्यमा के फरक छ? हेर्नुहोस्, "९ अनि पछिबाट भन्नुभयो, "हेर्नुहोस्, तपाईँकै इच्छा पूरा गर्न म आएको छु। "दोस्रोलाई स्थापित गर्न पहिलोचाहिँ उहाँले खारेज गर्नुहुन्छ। १० त्यही इच्छाबाट येशू ख्रीष्टका शरीरको बलिद्वारा सदाको निम्ति हामी पवित्र बनाइएका छौं। ११ हरेक पूजाहारी एकै किसिमको बलि बारम्बार चढ़ाउँदै प्रतिदिन सेवामा खड़ा रहन्छ, जुन बलिले कहिल्यै पाप हरण गर्न सक्दैन। १२ तर ख्रीष्टले त पापहरूका निम्ति सदाको लागि एउटै**

**बलिदान चढ़ाउनुभयो, अनि उहाँ परमेश्‍वरको दाहिने बाहुलीतर्फ विराजमान हुनुभयो। १३ र उहाँका शत्रुहरू उहाँको पाउदान नहोउञ्जेल उहाँ पर्खिरहनुहुन्छ। १४ किनकि एउटै बलिद्वारा जो पवित्र तुल्याइँदैछन्, तिनीहरूलाई उहाँले सदाको निम्ति सिद्ध बनाउनुभएको छ।" हिब्रू १०:९-१४।**

एक फेरा र सदाको निम्ति ख्रीष्ट क्रूसमा हाम्रो पापको निम्ति सिद्ध बलि हुनुभएको थियो। स्वर्गको पवित्रस्थामा उहाँले गरिने पुजारीको सेवाकार्यले हामीलाई पवित्र पार्दछ। उहाँ स्वर्गको महापवित्रस्थानमा पस्नुभएकोले न्यायमा उहाँ हाम्रो निम्ति अधिवक्ता वा वकिल भएर खडा हुनुहुन्छ (१ यूहन्ना २:१)। "ख्रीष्ट धेरै जनाका पाप बोक्नलाई एकै पल्ट बलि हुनुभयो, र उहाँ दोस्रो पल्ट देखा पर्नुहुनेछ, पाप बोक्नका निम्ति होइन, तर उत्सुकतापूर्वक उहाँको प्रतीक्षा गर्नेहरूका उद्धारको निम्ति।" हिब्रू ९:२८। उहाँको बलि र मध्यस्थताले उहाँले पापलाई सम्माल्नुभएको छ। अब उहाँ आउनुहुनेछ तिनीहरूकोनिम्ति जो उहाँको आगमनलाई प्रेमपूर्वक हेरिरहन्छन् (२ तिमोथी ४:८)।

**येशूलाई पछ्याउन पावलले हिब्रू ६:१९-२०मा किन आह्वान गर्छन्? उहाँलाई पछ्याउँदा हामीले के पत्ता लगाउन सक्छौं? हेर्नुहोस्: "१९ हाम्रा आत्माको निम्ति दृढ़ र सुरक्षित लङ्गरको रूपमा यो आशा हामीसित छ। यो आशा पर्दाभित्रको पवित्रस्थानमा प्रवेश गर्दछ, २० जहाँ हाम्रा पक्षमा अग्रदूत भएर मल्कीसेदेकको दर्जाअनुसार येशू प्रधान पूजाहारी भई प्रवेश गर्नुभएको छ।" हिब्रू ६:१९-२०।**

"स्वर्गमा रहेको पवित्रस्थानमा मानिसको निम्ति ख्रीष्टको पहल यति आवश्यक थियो कि मुक्तिको योजनामा क्रूसमा उहाँको मृत्यु जतिकै छ। उहाँको मृत्युले सुरु गर्नुभएको काम उहाँ पुनरुत्थान भएपछि स्वर्गमा उहाँ जानुहुँदा पूरा भएको थियो। विश्वासद्वारा पर्दा पछाडि हामी पस्नुपर्दछ जहाँ हाम्रो अग्रदूत भएर पस्नुभएको थियो। हिब्रू ६:२०। त्यहाँ कलभरीको क्रूसबाट चम्केको ज्योति प्रतिबिम्बित गरेको थियो। त्यहाँ मुक्तिका रहस्यहरू स्पष्टसँग दिव्यज्ञान हामीले पाउँदछौं। स्वर्गको असिमित मोलमा मानिसको निम्ति मुक्तिको योजना सम्पन्न भएको थियो। परमेश्वरको व्यवस्थाको सबभन्दा फराकिलो वा धेरै मागहरू पूरा गर्न उहाँको बलि हुनु भएको थियो। पिताको सिंहासनमा हामी जान येशूले बाटो खोल्नुभएको थियो। भित्री हृदयदेखि विश्‍वासद्वारा उहाँकहाँ आउने सबैलाई उहाँको पहलले परमेश्वरको सामु उहाँले हामीलाई प्रस्तुत गर्नुहुनेछ।"-*द ग्रेट कन्त्रोभर्सी,* ४८९।

परमेश्वर र सैतानको बिचमा भइरहेको भिषण द्वन्द्वको समस्याको समाधान मुक्तिको योजनाले पूरा गरेको थियो। यही योजनाले यस ग्रहलाई सैतानको पकडबाट उद्धार गरिएको थियो। आवश्यक भएको यस ग्रहको निम्ति र जगत ब्रम्हाण्ड दर्शक भएर बसेको निम्ति येशूको प्रेमलाई येशूको जीवनले प्रकट गरिएको थियो। उहाँको मृत्युले लुकिछिपी गरिएको पापलाई प्रकट गरिएको छ र सारा मानवप्राणीको निम्ति मुक्ति उपलब्ध गराइएको छ। विश्वासद्वारा उहाँकहाँ जाने प्रत्येक मानव प्राणीलाई स्वर्गको पवित्रस्थानमा उहाँको पहलले फाइदाहरू उपलब्ध गराएको छ।

***क्रूसमा ख्रीष्टको मृत्युले स्वर्गको पवित्रस्थानमा गरिने उहाँको पहलसँग के सरोकार छ? मुक्तिको योजनाको निम्ति न्याय किन अनिवार्य छ?***

उपसंहारः

**थप जानकारीः न्याय**मा येशूको काम र हाम्रो भूमिका कसरी वर्णन गरिएको छ हेर्नुहोस्ः "मानिसहरूका पापका बहानाहरूलाई येशूले आँखा चिम्लिनुहुन्न। तर तिनीहरू नम्र भएर पापको स्वीकार गरेको र विश्वासलाई हेर्नुहुन्छ। तिनीहरूको क्षमाको दावी गर्दै उहाँले उहाँका पिता र स्वर्गदूतहरूको सामु उहाँको घाइटे हातहरूलाई उचालेर देखाउँदै भन्नुहुन्छः तिनीहरूलाई तिनीहरूको नाउँद्वारा नै म चिन्दछु। मेरो हत्केलामा तिनीहरूलाई कुँदिएको छु। 'तोडिएको आत्मा नै परमेश्वरको निम्ति बलिदान हो। हे परमेश्वर, तोडिएको र पश्चात्तापी हृदयलाई तपाईं तिरस्कार गर्नुहुन्न।' भजन ५१:१७। र तिनीहरूलाई आरोप लगाउने सैतानलाई उहाँले यसरी मुखभरी जवाफ दिनुहुन्छः 'प्रभुले तिमीलाई हप्काओस्, ए सैतान; प्रभुले चुन्नुभएको यरुशलेमले पनि तँलाई हप्काओस्।'"- *द ग्रेट कन्त्रोभर्सी,* पृ. ४८४।

**"परमेश्वरका जनहरू थाङ्ना र फोहरी वस्त्र पहिरिएर प्रभुको अगाडि उभिनु परेकोले तिनीहरू नम्र हुन अग्रसर हुनुपर्दछ र उहाँको नाउँलाई दावी गर्ने सबैले आआफ्नो हृदय खोतल्नु जरुरी छ। जो मानिसहरू सत्यको पालन गरेर आफ्ना हृदयलाई शुद्ध पार्दछ आफूहरू तुच्छ भएको तिनीहरूले ठान्दछन्।**

जति नजिकै येशूको निश्चल स्वभावलाई हेर्दछन्, त्यति तिनीहरू उहाँको स्वरूपमा हुन तिनीहरू तिब्र चाहना गर्दछन्। अनि आफूहरू कतिको अशुद्ध र अपवित्र भएको पनि महसुस गर्दछन्। हामीहरूको पापमय अवस्थालाई महसुस गर्ने क्रममा हाम्रो धार्मिकता, पवित्रता र मुक्ति पाउन ख्रीष्टमा नै भरपर्नुपर्दछ। सैतानले हामीलाई गरेको आरोपसँग हामी मुकाबिला गर्न सक्दैनौं। हाम्रो निम्ति ख्रीष्टले मात्र अनुनय बिन्ति गर्न सक्नुहुन्छ। हाम्रो धर्मकर्म र पूण्य कामको आधारमा होइन, तर उहाँको आफ्नै जीवनलाई बाजी राखेर सैतानका आरोपहरूलाई उहाँले खण्डन गर्नुहुन्छ।"-एलेन जी. ह्वाइट, *टेस्टिमोनिज फर द चर्च,* ठेली ५, पृ. ४७१,४७२।

"अहिले हामी पश्चात्तापको महान् दिनमा बाँचिरहेकाछौं। जब पृथ्वीको पवित्रस्थानमा प्रधान पूजारी इस्राएलहरूका निम्ति पश्चात्तापको विधि पूरा गर्दै थिए तब सबै इस्राएलीहरूलाई आआफ्ना हृदय खोतलेर पाप प्रति दुःख मनाउ गर्दै नम्र हुनु परेको थियो, नत्रभने तिनीहरू समाजबाट बहिष्कृत हुनुपर्दथ्यो। त्यसरी नै जसका नाउँहरू जीवनको पुस्तकमा अहिले लेखिएकाछन् अहिले परिक्षणकालभरी तिनीहरूले आआफ्ना पाप प्रति दुःख मान्दै, पीडामा र सही पश्चात्ताप गरि परमेश्वरको सामु आउनुपर्दछ।"-*द ग्रेट कन्त्रोभर्सी,* पृ. ४८९,४९०।

**चिन्तनमनन:**

अ. पिताको सामु येशूले आफ्ना घाइटे हातहरू हाम्रा निम्ति देखाइरहनुभएको छ भन्ने धारणाले के हामी मार्मिक हुनुपर्दैन र? न्यायको समयमा त्यो मात्र हाम्रो आशा किन हुनुपर्दछ?

आ. हामी पश्चात्तापको दिनमा जिइरहेकाछौं। पश्चात्तापको प्रक्रिया भनेको पापीहरूलाई मुक्ति दिने परमेश्वरको काम हो। त्यसकारण, परमेश्वरको कामको निम्ति सुम्पिएको कुनै पनि दिन पापीहरूलाई मुक्तिदिने खबर सुसमाचार होइन र?

इ. एलेन जी. ह्वाइटले लेखेको हेर्नुहोस्: "हाम्रो निम्ति परमेश्वरसँग प्रभावकारी बिन्ति केवल येशूले मात्र गर्न सक्नुहुन्छ। हाम्रा धर्मकर्मको आधारमा होइन उहाँकै कार्यमा आधारित गरेर दोष लगाउनेका विवादहरूलाई चुप लगाइदिनुहुन्छ।"-*एडभेन्ट रिभ्यु एण्ड साबथ हेराल्ड,* जनवरी २, १९०८। यो आशा तपाईंको आफ्नै कसरी बनाउन सक्नुहुन्छ?

## कथा ८
## चर्चबाट भाग्नु, भाग १
## आन्द्र्यु मेकचेस्नी

अनेलिया चर्चमा कहिल्यै जान चाहेकी थिइनन्। उनी येशूलाई नमान्ने र मूर्तिपूजा गर्ने धार्मिक संस्कारमा जन्मेकी र हुर्केकी थिइन्। बिदामा उनी मन्दिरमा जान्थिन् र ४० वर्षसम्म पशु बलि दिने परम्परामा भाग लिएकी थिइन्। जब उनको श्रीमान् र २० वर्षको छोरा रोजनलाई बाटोमा एक जना अपरिचित मानिसले बाइबल दिन खोज्यो अनेलिया स्तब्ध भएकी थिइन्।

"यो लिनुहोस् र हाम्रो भेलामा बेलुका आउनुहोस्," त्यस अपरिचित मानिसले भन्यो। त्यस समय खाजा पनि उपलब्ध हुनेछ भनेर त्यस मानिसले भन्यो। घरमा आएपछि अनेलियाले के गरुँ के गरुँ भनेर त्यस निमन्त्रणालाई सोचिन्। "हामी त्यहाँ के गर्ने? म जान चाहन्न। म तिनीहरूको धर्म मान्न चाहन्न।" तर रोजन कार्यक्रममा भाग लिन चर्चमा जान चाहेको थियो। "आउनुहोस्। हामीले केही कुरा सुन्नेछौं र खाजा पनि खानेछौं," रोजनले भन्यो।

युरोपको सहरमा रहेको शरणार्थी परिवारका पाँचै जना सदस्यहरू सुसमाचारीय भेलामा गए। चर्चका विश्वासीहरूसँग भलाकुसारी गरे। तिनीहरूले चिया पिए र विश्वासीहरूसँग केक खाए। कार्यक्रममा मानिसहरूले येशूको बारेमा सुनिन् तर उनले केही पनि बुझ्न सकिनन्।

"केको बारेमा तिनीहरूले सुनाइरहेका छन्?" उनले अचम्म मानेर सोचिन्। जब कुनै अरू आस्थाका मानिसहरूले बाइबलको बारेमा पहिला सुन्छ तब नबुझ्ने प्रतिक्रिया सामान्य नै हो।

त्यस कार्यक्रममा रोजन अत्यन्तै आकर्षित भयो। पछि पावलसँग बाइबल अध्ययन गर्न थाल्यो। पावलले नै बाटोमा बाइबल दिएको थियो। केही समयपछि रोजनले आफ्नी आमालाई बप्तिस्माको समयमा बोलायो। चर्चमा त अनेलिया जानै मानेकी थिइनन्। "बप्तिस्मा भनेको के हो, म बुझ्दिन। म जान्न," उनले सुनाइन्। त्यसकारण आमाबिना रोजनले बप्तिस्मा लियो।

अनि अनेलिया र परिवारलाई तिनीहरू बहालमा बसेको घरबाट घरपतिले निकालिदियो। तिनीहरूसँग बहाल तिर्न पैसा त थियो तर बस्ने घर भेट्टाएनन्। चर्चका सदस्यहरूले तिनीहरूको निम्ति कोठा खोज्न थाले तर

पाएनन्। अनि चर्चका सदस्यहरूले कोठा नपाउँञ्जेल बालसङ्गति गर्ने कक्षा कोठामा रहन तिनीहरूलाई बोलाए।

चर्च त अन्तिम ठाउँ थियो जहाँ निकालि जान चाहेकी थिइन्। तर अब उनले केही रोज्नै सकिन। त्यसकारण उनी र परिवार चर्चमा सात महिनासम्म बसे। त्यसबेला पावल बाइबल सिकाउन त्यस परिवारकहाँ नियमित रूपमा जान थाले। उनले किन बाइबल पढेको भनेर आनेलियाले ताजुब मानेर सोचिन्। आफ्नो धर्म मात्र सत्य हो। र आफ्नो धर्मका धर्मशास्त्रहरू मात्र ठिक भनेर उनले विश्वास गरेकी थिइन्। "यो बाइबलले मलाई कोठा पाउन कसरी सहयोग गर्छ होला? हामीले किन कोठा पाएनौं?" उनले सोच्न थालिन्।

साबथमा पावलले त्यस परिवारलाई चर्चको आराधनामा सरिक हुन अनुरोध गरे। तर उनी भागिन्। जब आराधना कार्यक्रम भइरहेको थियो, उनी अर्कै ढोकाबाट भागिन्। तर उनको अर्को २२ वर्षको छोरा सर्जेइले प्रवचनबाट प्रभावित भयो र बप्तिस्मा पनि लियो।

परिवारले नयाँ घर भेट्टाए पछि अनेलियाका दुवै छोराहरू येशूलाई विश्वास गर्न बिन्ति गर्न थाले।